# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །ཤོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་རྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल

प.सं. २०७५/७६

च.नं. ३४७

मिति २०७५/०६/१६ गते

**आशय पत्र माग सम्बन्धि सूचना**

यस कार्यालयको चालु आ.व ०७५/७६ मा यस सोलुदुधण्ड नगरपालिकाको सूचना तथा सञ्चार कार्यको तयारी, प्रकाशन तथा प्रशारण सम्बन्धी कार्यक्रम संचालन कार्य मिडिया एजेन्सि मार्फत गर्नु पर्ने भएकाले निम्न लिखित शर्तहरुको अधीनमा रही सूचना प्रकाशित मितिले १५ दिनभित्र यस कार्यालयबाट उपलब्ध हुने आशयपत्र खरिद गरि पेश गर्न यो सार्वजनिक सूचना आव्हान गरिएको छ ।

१. कम्पनी रजिष्टर्ड कार्यालयमा विज्ञापन एजेन्सीको रुपमा दर्ता भई, मु.अ.करमा आवद्ध भएको हुनु पर्नेछ । साथै सोलुदुधकुण्ड नगरपालिका स्थायी ठेगाना भएको विज्ञापन एजेन्सीलाई प्राथमिकता दिईनेछ ।
२. सम्बन्धित क्षेत्रमा कम्तीमा ३ बर्षको अनुभव भएको संस्था हुनुपर्नेछ ।
३. प्रचलित कानून वमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई तिर्न वुझाउन पर्ने राजश्व तिरेको संस्था हुनुपर्नेछ ।
५. नगरपालिकाबाट स्थानीय स्तरमा हुने सूचना तयारी, प्रशारण र प्रकाशन गर्दा स्थानीय एफ.एम. लगायत मुद्रण संस्थाहरुलाई समानुपातिक रुपमा उपलव्ध गराउनु पर्नेछ ।
६. स्थानीय स्तरमा प्रकाशन तथा प्रशारण गर्ने सम्भावित संचार माध्यमको नाम सहित दररेट र यसमा हुने छुट समेत प्रस्ताव गर्नुपर्नेछ । साथै, नगरपालिकाले आवश्यकता अनुसार राष्ट्रिय स्तरका सुचनाहरु समेत प्रकाशन तथा प्रशारण गर्न गराउन सक्नेछ ।
७. नगरपालिकामा पेश गरेको दररेट अनुसार नगरपालिकावाट सूचना प्रकाशनका लागि दिएको कार्यदेशको आधारमा कर विजक तथा अन्य प्रमाणको आधारमा मात्र भुक्तानी दिइनेछ ।

…………………………

(रमिला भण्डारी)

प्रशासकीय अधिकृत